सोलुखुम्बु जिल्ला अदालत

सल्लेरी, सोलुखुम्बु

info.dcsolukhumbu@supremecourt.gov
फोन नं. ०३८-४२०१९५
मिति २०८३।०८।२३

च.नं. ४६२

विषय: दशौं विदामा अदालत खुला रहने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस वर्षको बडा दशौं मिति २०८३ असोज २५ गतेदेखि कार्तिक ८ गतेको कोजाग्रत पुर्णिमाको दिनसम्म बन्द रहने भएता पनि सो अवधिमा (घटस्थापना,विजया दशमी र शनिवार विदाका दिन बाहेक। न्याय प्रशासन ऐन,२०७३ को दफा २६ बमोजिम बन्दी प्रत्यक्षीकरणको निवेदन सुनुवाई गर्न,मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ बमोजिम पक्राउ पूर्जी जारी गर्न अनुमती प्रदान गर्न,जरुरी पक्राउ पूर्जी स्वीकृत/समर्थन तथा CDR अनुमति प्रदान गर्न तथा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ३ मा भएको संशोधन र मिति २०८२/१२/२२ गते नेपाल सरकारको विदा सम्बन्धमा नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम हिरासंतमा राखे अनुमति (पहिलो पटक म्याद थप) कार्यका लागी बिहान ११.०० बजे देखि दिउसो ३.०० बजेसम्म अदालत खुला रहने बेहोरा जानकारीका लागि अनुरोध छ। साथै २०८३ असोज २५ गते आईतवार विदाका दिन घटस्थापनाको सार्वजानिक विदा परेकोमा सो दिन समेत उल्लेखित कार्य पूर्ववत रुपमै बिहान ११.०० बजे देखि दिउसो ३.०० बजेसम्म अदालत खुला रहने बेहोरा जानकारीका लागि अनुरोध छ।

गायत्री फुयल
शेरस्तेदार
२८३/४/२३